# बुढीगंगा गाउँपालिका, मोरङ

## व्यवसायको वर्गीकरण सम्बन्धी निर्देशिका - २०८२ (कर प्रयोजनको लागि)

**प्रस्तावना**

नेपाल सरकारले साना तथा मझौला उद्योग नीतिः २०७६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहहरूलाई कर प्रणाली व्यवस्थापन गर्ने अधिकार दिएको छ । यस निर्देशिका मार्फत बुढीगंगा गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका साना व्यंवसायहरूलाई पूँजीगत लगानीको आधारमा वर्गीकरण गरी उचित कर प्रणाली लागू गर्ने व्यवस्था गरिन्छ ।

१. उद्देश्य

क) व्यवसायहरूको पूँजीगत लगानीका आधारमा वर्गीकरण गर्ने ।

ख) कर निर्धारण प्रक्रियामा पारदर्शिता तथा समानता ल्याउने ।

ग) साना व्यवसायलाई प्रोत्साहन गर्दै कर संकलन प्रभावकारी बनाउने ।

घ) उद्यमशीलता प्रवर्द्धन गर्दै स्थानीय राजस्व बढाउने ।

२. व्यवसाय वर्गीकरण पूँजीगत लगानीको आधारमा

| क्र.स | वर्ग | पूँजीगत लगानी रु. |
|---|---|---|
| १ | सानो व्यवसाय | ० – ५,००,००० |
| २ | मध्यम व्यवसाय | ५,००,००१ – १०,००,००० |
| ३ | ठूलो व्यवसाय | १०,००,००१ भन्दा माथि |

३. दर्ता प्रक्रिया

क) सबै व्यवसायले गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्नुपर्दछ ।

ख) दर्ताका लागि आवश्यक कागजात

१) नागरिकता प्रमाणपत्र

बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातिमुडा, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२) स्थायी लेखा नम्बर

३) व्यवसाय सञ्चालन विवरण (स्थान, प्रकार, समयावधि)

४) पूँजीगत लगानी प्रमाण (स्वमुल्यांकन वा प्रमाणित कागज)

५) चा लु आर्थिक वर्षसम्मको घरजग्गा कर तिरेको रसिद

६) घर बहाल सम्झौता पत्र (यदि भाडामा सञ्चालन भएमा)

७) व्यवसाय दर्ता आवेदन फारम

८) व्यवसायको छाप वा व्यवसायीको पासपोर्ट साइजको फोटो २ प्रति

ग) अन्य बुढीगंगा गाउँपालिकाको "व्यवसाय दर्ता तथा नवीकरण कार्यविधी २०७७" बमोजिम हुने ।

४. अनुगमन र मूल्यांकन

क) पालिकाले प्रत्येक आर्थिक वर्षको प्रारम्भमा व्यवसाय वर्गीकरण, कर मूल्यांकन तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन समिति गठन गर्नेछ ।

ख) अनुगमन समितिमा निम्न सदस्यहरू रहनेछन्:

१) पालिकाको राजस्व शाखा प्रमुख – संयोजक

२) सम्बन्धित वडाको वडा सचिव वा प्रतिनिधि – सदस्य

३) महिला प्रतिनिधि (सम्बन्धित वडा कार्यालयको सिफारिसमा हुने) – सदस्य

४) पालिका नगर प्रहरी प्रतिनिधि – सदस्य

५) पालिका प्रशासन शाखा प्रतिनिधि – सदस्य सचिव

ग) समितिले निम्न माध्यमबाट व्यवसाय वर्गीकरणको पुष्टि गर्नुपर्नेछ:

१) स्थलगत निरीक्षण

२) करदाताको विवरणको अध्ययन

३) पूँजीगत लगानी तथा व्यवसाय विवरणसम्बन्धी प्रमाणको संकलन

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

घ) अनियमितता वा त्रुटि देखिएमा व्यवसायको पुनः वर्गीकरण तथा कर पुनः निर्धारण गर्ने सिफारिस गर्न सकिनेछ।

ङ) समितिले व्यवसाय वर्गीकरण लाई प्रभावकारी ढंगले मूल्यांकन तथा कार्यान्वयन गर्न थप विषय विज्ञ तथा कर्मचारीको आवश्यक ठानेमा दैनिक ज्यालादारीमा काम गर्ने गरि विषय विज्ञ तथा कर्मचारीको समेत परिचालन गर्न सक्नेछ ।

५. छुट तथा सहुलियत (मदिरा तथा सुर्तिजन्य व्यवसाय बाहेक)

क) महिलाद्वारा सञ्चालित व्यवसायलाई वार्षिक करमा १० प्रतिशत छुट ।

ख) दलित समुदायद्वारा सञ्चालित व्यवसायलाई वार्षिक करमा १५ प्रतिशत छुट ।

ख) अपांगता भएका व्यक्तिद्वारा सञ्चालित व्यवसायलाई वार्षिक करमा २० प्रतिशत छुट ।

६. व्यवसाय दर्ता प्रमाणपत्र

क) दर्ता पश्चात् व्यवसायले गाउँ कार्यपालिकाको कार्यालय वा सम्वन्धित वडाको कार्यालयबाट प्रमाणपत्र प्राप्त गर्ने ।

ख) प्रमाणपत्र नवीकरण हरेक आर्थिक वर्षमा अनिवार्य गर्नुपर्ने ।

७. कार्यान्वयन

क) यो निर्देशिका बुढीगंगा गाउँपालिका कार्यपालिकाको मिति २०८२।०२।२८ को निर्णय अनुसार लागू हुनेछ ।

ख) आवश्यक परेमा बुढीगंगा गाउँपालिका कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमाणित गर्ने
संजीव न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**